मल्लरानी गाउँपालिकाको मिति २०७८।०९।२९ गतेको ६६ औं गाउँकार्यपालिका बैठकका निर्णयहरुः

१. मिति २०७८।०९।२० गतेको ६५ औं कार्यपालिका बैठकमा भएका निर्णयहरुको समिक्षा गरियो। गाउँपालिका,वडा कार्यालय र स्वास्थ्य संस्थाबाट दैनिक हुने सेवा प्रवाहमा समेत छलफल भयो। सेवा प्रवाह चुस्त र पारदर्शी बनाउन शाखा र वडा कार्यालयमा निर्देशन दिने । साथै कार्यान्वयन हुन बाँकी निर्णयहरु यथाशिघ्र कार्यान्वयनका लागि शाखा तथा वडामा पत्राचार गर्ने।

२. मल्लरानी गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि तयार भइ प्राप्त अन्तिम प्रतिवेदन र ड्रईङ डिजाईन स्वीकृत गर्ने।

३. मल्लरानी गाउँपालिकाको आफ्नै प्रशासकीय भवन हालसम्म नभएको हाल भाडाको साघुरो भवनबाट सेवा प्रदान गरिँदै आएको। हाल प्रशासकीय भवन निर्माणका लागी जग्गा प्राप्ती भएको र सोका लागी आवश्यक विस्तृत आयोजना प्रतिवेदन तयार भई स्वीकृत समेत भएको। यस गाउँपालिकाको वडा नं ४ मा रहेको जग्गाको ट्रेस नक्सा र भोगाधिकारको प्रमाण सहित लागत अनुमान रु. ९,००,००,००० (अक्षरुपी नौ करोड रुपैंया ) को ४० प्रतिशत रकम यस गाउँपालिकले बेहोर्ने प्रतिवद्‍ता सहित र अन्य विषय स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम संचालन कार्यविधी २०७८ को अधिनमा गर्ने स्थानीय पूर्वाधार विकास विभागमा माग फाराम पेश गर्ने।

४. मल्लरानी गाउँपालिकाको अघिल्लो बैठकमा भएका विषय छलफल पश्चात जिल्ला समन्वय समिति प्यूठानमा पृष्टपोषणका लागी पठाईएककोमा जिल्ला समन्वय समिती प्यूठानबाट पृष्टपोषण सहित नतिजा प्राप्त भएको। सो पृष्टपोषण सहित संशोधित नतिजा समेत गरी ६२.७५ अंक प्राप्त भएको । आगामी दिनहरुमा यस गाउँपालिकाका विषयगत शाखा, वडा कार्यालयलाई यस आ.ब. मा समेत नतिजा उत्कृष्ट बनाउनका निम्ती शाखागत रुपमा कार्यविधिको सूचकका आधारमा कार्यान्वयन गर्न निर्देशन दिने।

५. मल्लरानी गाउँपालिका कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थामा करारमा कार्यरत कर्मचारीहरुको २०७९ असार मसान्त सम्म ६ महिनाकोको लागी म्याद थप गर्ने ।

६. मल्लरानी गाउँपालिकाको वडा नं ३ मा निर्माणाधिन दोमईखोला लिफ्ट खानेपानी योजनाका लागी प्राविधिक लागत अनुमान अनुसार अपुग रकम रु दश लाख व्यवस्था गर्नका लागि आगामी हिउँदे सभामा पेश गर्ने ।

७. MRM/NCB/2077/078/04 ठेक्का कोरोना महामारीका कारण समयमा सम्पन्न गर्न नसकिएको भनी निवेदन प्राप्त भएकोले नेपाल सरकारको परिपत्र बमोजिम चैत्र सम्म म्याद थप गर्ने ।

८. प्यूठान आयुर्वेद स्वास्थ्य केन्द्रमा सेवा प्रवाहका लागि मिति २०७८।१०।०१ देखि २०७९।३।३० सम्मको घरभाडा सम्झौता गर्ने ।

९. मल्लरानी गाउँपालिकाको दशौं गाउँसभा हिउदेसभा मिति २०७८।१०।१० मा गर्न गाउँसभा सदस्यलाइ अनुरोध गर्ने ।

१०. गाउँपालिका वडा नं ५ मा श्री हिमा कुमारी थापाले अविरल वर्षातका कारण निजको हिमा लेयर्स कुखुरा फर्ममा क्षति पुगेको भनी प्राप्त निवेदन र वडा नं ५ को सिफारिस र प्रहरी सर्जिमिन मुचुल्का वडा प्राविधिकको २४९५२२.९३ को प्रतिवेदन प्राप्त भएको हुँदा लुम्विनी प्रदेशमा क्षतिको रकम उपलब्ध गराउन लेखी पठाउने।

मल्लरानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाङ्गेसाल, प्यूठान लुम्बिनी प्रदेश, नेपाल

बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

११. मल्लरानी गाउँपालिकाको अध्यक्ष विषेश कोषमा विपन्न जेहेन्दार दलित जातजाती बालवालिका छात्रवृत्ती कार्यक्रम शिर्षकमा रु. २,००,०००/- विनियोजन भएकोमा ऐ ऐ शिर्षकमा रु १,५०,०००/- रहने गरी वडा नं ४ कसेरीमा पानी पोखरी निर्माणका लागी रु. २५,००० र वडा नं ४ रानीटोला निवासी आर्थिक अवस्था कमजोर भई शौचालय विहिन रहेका मोहनलाल श्रेष्ठको शौचालय निर्माणका लागी रु. २५,०००/- रकमान्तर गर्ने ।

१२. हालको गाउँपालिकाको केन्द्र टुडिखेल सम्म आउने वाटो हिउदे वर्षातका कारण भत्किइ चिप्लो भइ आवागमन असहज भएको हुँदा मर्मत सम्भारकोषबाट वेहोर्ने गरी प्राविधिक लागत अनुमान अनुसार सम्पन्न गर्न सोको जिम्मेवारी प्राविधिक शाखालाइ तोक्ने ।

मल्लरानी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बल्लेमा, प्युठान
लुम्बिनी प्रदेश, नेपाल

प्रमाणित गर्ने
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner